# वीरेन्द्रनगर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## वीरेन्द्रनगर, सुर्खेत
## १८ औं कार्यपालिका बैठक (२०७९ साल चैत्र २३ गते)
## प्रमाणित निर्णयहरु

**निर्णय न. १. निर्णय कार्यान्वयन अवस्था सम्बन्धमा**

यस अघिका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था यस बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्दै जाने ।

**निर्णय नं. २. कर्मचारी प्रोत्साहन कार्यविधि सम्बन्धमा**

आजको बैठकमा पेश भएको कर्मचारी प्रोत्साहन कार्यविधि,२०७६ को प्रथम संशोधन २०७९ माथी दफावार छलफल गरियो । छलफलमा प्राप्त सुझाव अनुसार कार्यविधिमा देहाय अनुसार संशोधन वा थप गर्ने ।

**कर्मचारी प्रोत्साहन कार्यविधि,२०७६ (प्रथम संशोधन २०७९)**

वीरेन्द्रनगर नगरपालिका सुर्खेतको कर्मचारी प्रोत्साहन कार्यविधि,२०७६ को प्रथम संशोधन गर्न वाञ्छनीय भएकोले, मिति २०७९।१२।२३ गतेको नगर कार्यपालिकाको अठारौ बैठकले यो कार्यविधिको प्रथम संशोधन स्वीकृत गरेको छ ।

**परिच्छेद १**

संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधीको नाम "कर्मचारी प्रोत्साहन कार्यविधि,२०७६(प्रथम संशोधन २०७९)" रहेको छ ।
(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागू हुने छ ।

**परिच्छेद ३**

मुल कार्यविधिको दफा ५(१) मा देहाय अनुसार बुँदा न. (ङ) थप गरिएको छ। दफा ५(१) मा भएको प्रावधानका अत्तिरिक्त निम्न सुविधा उपलब्ध गराउने। यसरी उपलब्ध गराउने सुविधामा प्रचलित कानून बमोजिम कर कट्टी हुनेछ। साथै यो कार्यविधि संशोधन हुनुपूर्व नगरपालिकाको पटके निर्णय अनुसार कुनै पनि किसिमको खाना खाजा खर्च अतिरिक्त समय काम गरेको भत्ता लगायतका कुनै पनि कर्मचारीलाई नियमित उपलब्ध गराउँदै आईएको निर्णय खारेज गरि हाल सम्म भएको खर्च यसै दफा अनुसार भएको मानिनेछ। यस दफाको प्रयोजनका लागि प्रति सेसन भन्नाले कम्तीमा १ घण्टा ३० मिनेटको समयावधिलाई जनाउँनेछ।

| क्र स | थप गर्नुपर्ने व्यवस्था | कारण |
|---|---|---|
| १ | (क) विहान साँझ नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सवारी चालकलाई कामकाजमा खटिनुपर्दा क्रमश मासिक रु.७०००, रु.७००० र रु.६००० सुविधा उपलब्ध गराउने । | तोकिएको कार्यालय समय भन्दा अतिरिक्त समय कामकाजमा खटिनुपर्ने भएकाले |
| २ | (ख) विपद् व्यवस्थापन कार्यमा रात्रीको समयमा समेत कामकाजमा सम्लग्न कर्मचारीलाई मासिक रु.६००० सुविधा उपलब्ध गराउनुका साथै अत्यावश्यक सेवामा सम्लग्न फायरम्यानलाई मासिक रु.६००० सुविधा उपलब्ध गराउने । | विपद् अत्यावश्यक सेवा भएकाले |
| ३ | (ग) प्रमुख दमकल चालक र वैकल्पिक दमकल वा सवारी चालकलाई क्रमश मासिक रु.१२०००, र रु.४००० सुविधा उपलब्ध गराउने । यसरी कुनै कर्मचारीलाई पर्याप्त कर्मचारी नभई एक मुख्य जिम्मेवारी भन्दा थप जिम्मेवारी दिई कामकाजमा खटाउनुपर्ने भएमा उल्लेखित एक भन्दा बढि सुविधा दिन बाधा पर्ने छैन । | |
| | | |

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कर्णाली प्रदेश, नेपाल २०७३

मोहनमाया ... 
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
१८ औं कार्यपालिका बैठक (२०७९ साल चैत्र २३ गते)
**प्रमाणित निर्णयहरु**

| | | |
|---|---|---|
| ४ | प्राविधिक कर्मचारीहरुलाई निम्न बमोजिम कार्यबोझका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट पूर्व स्वीकृती लिई मासिक मौद्रिक सुविधा उपलब्ध गराउने<br>• अधिकृत सातौं आठौं (ईन्जिनियर) रु.७०००।<br>• अधिकृत छैटौं रु.५५००।<br>• सहायक चौथो पाँचौ रु.५०००।<br>• श्रेणीविहिन कार्यविधिको दफा ५(१) बमोजिम | प्राविधिक कर्मचारीलाई थप कार्यभार पर्न जाने भएकाले कार्यविधि मै सुविधा स्पष्ट गर्नुपर्ने भएकाले |
| ५ | भूमिहिन लगायत अन्य परियोजना सम्बद्ध कार्यक्रमको हकमा कर्मचारीहरुलाई निम्न बमोजिम मासिक कार्यबोझका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट पूर्व स्वीकृती लिई कार्यक्रम संचालन भएको समयावधिमा मात्र मौद्रिक सुविधा उपलब्ध गराउने<br>• अधिकृत सातौं आठौं रु.७०००।<br>• अधिकृत छैटौं रु.५५००।<br>• सहायक चौथो पाँचौ रु.५०००।<br>• श्रेणीविहिन रु.४०००। | परियोजना सम्बद्ध कामकाज अभियानका रुपमा संचालन गर्दा थप सुविधा दिई बिहान साँझ समेत कामकाजमा खटाउनुपर्ने भएकाले |
| ६ | नगरपालिकामा गत विगत देखी (कम्तीमा ५ वर्ष भन्दा बढी सेवा अवधि व्यत्तित गरेका) कार्यालयबाट आवश्यक ठानी सेवा करार गरिएका कर्मचारीहरुको हकमा आन्तरिक स्रोतबाट व्ययभार हुने गरि देहाय बमोजिम सुविधा प्रदान गर्ने ।<br>निम्न<br>• मासिक महंगी भत्ता दुई हजार<br>• स्थानीय भत्ता करार सम्झौताको शुरु तलब स्केलको ५ प्रतिशतले हुन आउने रकम | गत विगत देखी कामकाजमा संम्लग्न कर्मचारीहरुलाई प्रोत्साहन गर्न आवश्यक भएकाले |

परिच्छेद ४

१ मुल कार्यविधिको दफा ७(१) मा देहाय अनुसार संशोधन गरिएको छ ।

| क्र स | भएको व्यवस्था | संशोधित व्यवस्था | कारण |
|---|---|---|---|
| १ | खाजा खर्च सिफारिस समितिको व्यवस्था | समिति सम्बन्धी व्यवस्था खारेजी | सम्बन्धीत शाखा प्रमुखको सिफारिसमा प्र.प्र.अ. बाट स्वीकृत हुने हुँदा समिती आवश्यक नपर्ने तथा समितिको नियमित बैठक लागायतमा प्रशासनिक व्ययभार पर्न जाने भएकोले । |

निर्णय नं. ३. पदाधिकारी सुविधा सम्बन्धमा

भूमिहिन सुकुम्बासी, भूमिहिन दलित तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन, फिल्ड कार्यमा संम्लग्न हुने सहजिकरण समितिका पदाधिकारीहरुलाई फिल्ड कार्यमा खटिएको दिन मात्र प्रतिदिन रु.५ सयका दरले खाना खाजा खर्च उपलब्ध गराउने । यसरी खाना खाजा उपलब्ध गराउँदा सम्बन्धित शाखाबाट कार्यक्रम स्वीकृत गराई व्यवस्थापन गर्ने ।साथै अन्य कुनै सहजीकरण समितिको हकमा समेत यसै निर्णय बमोजिम कार्यान्वयन गर्ने ।

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner

## वीरेन्द्रनगर नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
### वीरेन्द्रनगर, सुर्खेत
### १८ औ कार्यपालिका बैठक (२०७९ साल चैत्र २३ गते)
### *प्रमाणित निर्णयहरु*

**निर्णय नं. ४. बेरुजु सम्बन्धमा**

गत आ.व. २०७८।०७९ को अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनको बुँदा न. ७८ मा उल्लेखित भए अनुसार नगरपालिकाको आन्तरिक स्रोतबाट विनियोजन भई नगरपालिकाका बिभिन्न करार सेवाका कर्मचारीहरुले लिएको स्थानीय तथा मंहगी भत्ताको सम्बन्धमा असुल उपर गर्ने भनी म.ले.प. बाट आफनो प्रारम्भिक प्रतिवेदनमा बेरुजु औल्याई असुल उपर गर्ने भनी प्रतिवेदन पेश गरेको विषय आजको बैठकमा पेश भई छलफल भयो । करार कर्मचारीहरुलाई गत विगत देखी नै पालिकाको आन्तरिक स्रोतबाट अतिरिक्त कामको कार्यबोझ सहितको मूल्यांकनको आधारमा उल्लेखित सुविधा उपलब्ध गराउँदै आएको हुँदा यो बेरुजु सम्परीक्षणका लागि कार्यपालिकाको निर्णय समेत संम्लग्न राखी महालेखा परिक्षकको कार्यालयलाई अनुरोध सहित पत्राचार गर्ने ।

**निर्णय नं. ५. खानेपानी विधान संशोधन सम्बन्धमा**

मिति २०७९।१२।२१ गतेको वीरेन्द्रनगर नगरपालिकाको नगर जलस्रोत समितिको सिफारिस निर्णयानुसार सुर्खेत उपत्यका खानेपानी संस्थाको मिति २०७९।१२।१४ गतेको पत्रानुसार उक्त संस्थाको साधारण सभाबाट पारित भई उक्त संस्था संचालन तथा व्यवस्थापन गर्न सर्वपक्षीय तथा सर्वदलीय कार्यदलको मिति २०७९।०८।२९ गतेको निर्णयबाट समेत विधान संशोधनका लागि स्वीकृती प्रदान गर्न बैठकमा पेश भएकोमा यस नगरपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०७८ को दफा ८ अनुसार निम्न बमोजिम विधानको संशोधन प्रस्ताव स्वीकृत गर्ने तथा सोको जानकारी उक्त समितिको कार्यालयलाई दिने।

| क्र स | हाल भएको व्यवस्था | संशोधित हुनुपर्ने व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|
| १ | यो संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ । | ४६ क संस्थाको साधारण सभाको दुई तिहाई बहुमतले निर्णय गरेमा यो संस्था कुनै पनि ढाँचामा संचालन हुन सक्नेछ । | संस्था संचालन व्यवस्थापन गर्न अन्य वैकल्पिक व्यवस्था गर्नुपर्ने परिस्थिति सिर्जना भएकाले |

**निर्णय नं. ६. अन्य विविध**

(क) वी न पा ७ स्थित प्रहरी स्कूलको तह वृद्धिका लागि वीरेन्द्रनगर नगरपालिकाको १२ औ नगर सभाको निर्णय अनुसार नगर शिक्षा समितिबाट सिफारिस भए बमोजिम तह वृद्धिको लागि अनुमती प्रदान गर्ने ।

(ख) यस नगरपालिकाका वडा न. ७ को नगर अस्पताल, वडा न. ९ को स्वास्थ्य चौकी र वडा न. १२ को आधारभुत स्वास्थ्य केन्द्र साथै वडा न. ९ पसेनीमा गत विगत देखी बजेट विनियोजन गरी प्राविधिक ल्याब कर्मचारी र कार्यालय सहयोगी करार सेवामा वडा कार्यालयले कामकाजमा खटाईएको कार्यलाई स्वीकृती प्रदान गर्ने । यसरी खटाईएका कर्मचारीहरुलाई बढीमा मासिक १५ हजार पारिश्रमिक कायम हुने गरि आवश्यक बजेट वडा तहबाट व्यवस्थापन हुने गरी अत्यावश्यक सेवा संचालनमा सहजता ल्याउने ।

(ग) वडा न ९ पसेनी स्वास्थ्य केन्द्रमा चालु आ.व.को लागि स्वास्थ्य सेवा तर्फ विनियोजित बजेटबाट खोप सेवा संचालन गर्न अहेव करार गरी वडा कार्यालयले व्यवस्थापन गर्दै आएको विषयलाई स्वीकृति प्रदान गर्ने ।

(घ) वडा न ८ नौलापुर स्थित पार्कमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट विनियोजित रकम कार्यान्वयन गर्ने सम्बन्धमा वडा कार्यालयले प्रत्यक्ष रुपमा संचालन तथा व्यवस्थापन गर्ने गरी पार्कको संरचनामा असर नपर्ने गरी डिप बोरिङ्ग संचालन

नरहरि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CS CamScanner

# वीरेन्द्रनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## वीरेन्द्रनगर, सुर्खेत

## १८ औ कार्यपालिका बैठक (२०७९ साल चैत्र २३ गते)

## ***प्रमाणित निर्णयहरु***

गरि सार्वजनिक सरकारी स्वास्थ्य संस्था, सबै ४ वटा सार्वजनिक पार्क, आवाश क्षेत्रको चौधरी टोल, महिला छात्रावास तथा प्लानिङ अनुसार रहने पोखरी समेतमा पानीको नियमित आपुर्ति हुने गरी वडाको निगरानी र प्रत्यक्ष नियमनमा समुदाय स्तरबाट बोरिङ्ग संचालन गर्ने । साथै नगरपालिकाबाट अनुमति लिई हाल वडामा संचालनमा रहेका डिप बोरिङ्ग समेतलाई यस अभियानमा समावेश गरी सार्वजनिक रुपमा पानी वितरणको व्यवस्था मिलाउने ।

(ङ) वडा न. ९ स्थित काक्रेबिहार संरक्षण क्षेत्रमा प्रवेश शुल्क वापत लिईदै आएको टिकट दस्तुर स्वदेशी र विदेशीको हकमा क्रमश रु.२५ रु.५० तथा वनभोज कार्यक्रमका रु.५०० कायम गरि २०८० वैशाख १ देखी लागु हुने गरी व्यवस्थापन गर्ने साथै आगामी नगरसभाबाट आर्थिक ऐनमा यो विषयमा संशोधन गरी पारित गर्ने ।

(च) चालु आ.व. २०७९।८० मा संचालित अति विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रमको नपुग रकम रु. ७ लाख ५० हजार उपयुक्त शिर्षकबाट खर्च लेख्ने ।

२०७९।१२।२३

२०७९।१२।२३

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner